# असायहरुलाई कम्बल वितरण



**वीरगंज ९ मंसिर ।** उपकार सेवा नेपाल नामक संस्थाले असायहरुलाई कम्बल बितरण गरेको छ ।

जाडोमा कोहि पनि न्यानो कपडाले बिहिन नहोस भन्ने उद्येश्यका साथ बढ्दो चिसो र शितलहरबाट बच्नका लागि अगाडी नै कम्बल बितरण गरेको हो ।

बीरगंज महानगरपालिका वडा नम्बर १६ मिथिला नगर, वडा नम्बर ४ भगवती टोल र वडा नम्बर २ लक्षमिनरायण टोलमा रहेको करिब ५५ जना निसहाय र निमुखाहरुलाई संस्थाकी केन्द्रिय अध्यक्ष बिद्ययादेबी सरावगीले कम्बल बितरण गर्नु भएको संस्थाका केन्द्रिय सदस्य सज्जन अग्रवालले बताउनु भयो ।

हरेक वर्ष झैं यो वर्ष पनि कम्बल बितरण अभियान जारी रहेको केन्द्रिय सदस्य अग्रवालले बताउनु भयो ।

कार्यक्रममा समाजिक अभियन्ता ओमप्रकाश सर्राफ, संस्थाकी सदस्य श्रीमति बगरिया लगायतको उपस्थिती रहेको थियो ।

# मोटरसाइकल दुर्घटनामा पर्सा धोरे र मिर्जापुरका एक एक जनाको मृत्यु।



**रासस,वीरगञ्ज ९ मंसिर ।** पूर्वपश्चिम राजमार्गअन्तर्गत सर्लाहीको इश्वरपुर नगरपालिका-१२ स्थित बाँके जङ्गलमा बिहीबार साँझ दुई मोटरसाइकल एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ । दुई घाइते भएका छन् ।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश नम्बर २-०२-००३ प ९१७८ नम्बरको मोटरसाइकल विपरीत दिसाबाट आउँदै गरेको स ९ प १५९१ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किएका थिए ।

दुर्घटनामा मृत्यु हुनेमा पर्साको मिर्जापुरका ३८ वर्षीय प्रहरी हवल्दार बाबुलालप्रसाद साह र पर्साकै पकहा मैनापुर-१ का २७ वर्षीय रामलोचनकुमार पटेल रहेको प्रहरी निरीक्षक ईश्वर कार्कीले जानकारी दिए । दुवैको शव प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ ।

उनीहरु प्रदेश २-०२-००३ प ९१७८ नम्बरको मोटरसाइकलका चालक र त्यसमा सवार रहेका प्रहरीले जनाएको छ ।

दुर्घटनामा सिरहाको करजनहा नगरपालका-११ का ५० वर्षीय चन्देश्वर महतो र उहाँकी श्रीमती ४५ वर्षीय जयन्तीदेवी महतो घाइते हुनुभएको छ । घाइते दुवैको लालबन्दी नगरपालिकाको नवलपुर स्थित सत्यम अस्पतालमा उपचार भइरहेको छ ।

# अब बन्ने प्रतिनिधि सभामा देख्न नपाइने अनुहारहरु (सूचीसहित)

वीरगञ्ज ९ मंसिर । अब बन्ने प्रतिनिधि सभामा देख्न नपाइने अनुहारहरू

१. शंकर पोखरेल
२. ईश्वर पोखरेल
३. महेश बस्नेत
४. राम कुमारी झाक्री
५. उमेश श्रेष्ठ
६. पम्फा भुसाल
७. ओनसरी घर्ती मगर
८. उपेन्द्र यादव
९. लेखराज भट्ट
१०. लक्ष्मण लाल कर्ण
११. देव गुरूङ्ग
१२. कमल थापा
१३. विरोध खतिवडा
१४. कृष्णप्रसाद सिटौला
१५. सुरेन्द्र प्रसाद पाण्डे
१६. सरीता गिरी
१७. घनश्याम भूसाल
१८. हृदेयस त्रिपाठी
१९. भानुभक्त ढकाल
२०. बाबुराम भट्टराई
२१. रामचन्द्र झा
२२. बीना मगर
२३. हरिनारायण रौनियार
२४. कृष्ण भक्त पोखरेल
२५. विमल श्रीवास्तव
२६. दुर्गा पौडेल
२७. अनिल कुमार झा
२८. कोमल वली
२९. लालबाबु पण्डित
३०. उमाकान्त चौधरी
३१. इक़बाल मियाँ
३२. रामबाबु यादव

मातृका प्रसाद यादव
झलनाथ खनाल
राजेंद्र महतो
महन्त ठाकुर
सुजाता कोइराला
प्रदीप ज्ञवाली
बालकृष्ण खाण
विजय गच्छदार

---

**छिपहरमाई गाउँपालिका**
**छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय**
**भिस्वा, पर्सा**
**मधेश प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउ पत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०८।१०)

यस छिपहरमाई गाउँपालिकाको स्वामित्वमा रहेका तपसिल बमोजिमको सार्वजनिक पोखरीहरुमा माछापालन गरी बिक्रि वितरण तथा उपभोग गर्न पाउने ५ वर्षको लागि सिलबन्दि बोलपत्र आव्हान गरिएको हुँदा निम्न सर्तहरुको अधिनमा रहने गरी इच्छुक नेपाली नागरिक र फर्मबाट रीतपूर्वक गोप्य शिलबन्दी बोलपत्र दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**

| क.स | ठेक्का नं | वडा नं. | पोखरीको नाम | ठेक्का अवधि | क्षेत्रफल (कठ्ठामा) | न्यूनतम ठेक्का रकम (५वर्षको लागि ) | धरौटी रकम रु | बोलपत्र दस्तुर (फिर्ता नहुने गरि) |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८।०७९।०८० | ४ | रधिया पोखरी | ५ वर्ष | २९ कठ्ठा | १६,१४,६९०।०० | ४०,५००।०० | १,०००।०० |
| २ | ९।०७९।०८० | १ | जाठ पोखरी | ५ वर्ष | १ विघा | १३,०१,०००।०० | ३३,०००।०० | १,०००।०० |

**सर्तहरू**

१. माछा फर्मको हकमा अधावधिक नविकरण गरेको ईजाजत पत्र, स्थायी लेखा नं. प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७८।०७९ सम्मको आयचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित (व्यक्तिको हकमा नेपाली नागरिकता र निवेदन सहित) तोकिएको दरभाउपत्र दस्तुर तिरी(पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १५औ दिन कार्यालय समय भित्र यस कार्यालयबाट ईच्छुक दरभाउ पत्रदाताले दरभाउपत्र सम्बन्धित कागजात खरिद गर्न सक्नेछ साथै दरभाउपत्र पेश गर्न चाहने दरभाउपत्र दाताले तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरेको भाउचरलाई दरभाउपत्र कागजात सहित पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको दरभाउपत्र माछा फारमहरु उल्लेख भएका सबै विवरणहरु भरि दरभाउपत्र दाताले प्रत्येक पनामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर माछा फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटर/व्यक्तिको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजे भित्र यस कार्यालयमा ज्वचम ऋयउथ दर्ता गर्न सकिनेछ ।

३. एक माछा फर्म वा व्यक्तिको नाममा खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिको नामबाट दाखिला गर्न पाइने छैन ।

४. दर्ता भएको दरभाउपत्र यो सुचना प्रथम पटक प्रकाशित भएका मितिले १६ औ दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्रदाताको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता अनुपस्थिति भएमा पनि खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन विदा पर्ने गएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोहि समयलाई उक्त प्रयोजनको मान्यता दिइनेछ ।

६. सिलबन्दी दरभाउपत्र फारम साथ जमानत वापत तोकिएको रकम कार्यालयको एन आई सि एसिया भिस्वा शाखा स्थित धरौटी खाता नं. L6CA000187452404 मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सकने ईजाजत प्राप्त बैंकहरुबाट दरभाउपत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तिमा १८० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

७. दरभाउपत्रमा आइटम वाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिइनेछ ।

८. छिपहरमाई गा.पा.को हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. दरभाउपत्र दाताले सार्वजनिक पोखरी र माछा पालन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझी दररेट भरेको मानिनेछ ।

१०. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघि आएको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन ।

११. न्युनतम ठेक्का रकम भन्दा घटी रकम कबोल गर्न पाइने छैन । न्युनतम ठेक्का रकम भन्दा घटी रकम कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वत: रद्ध भएको मानिनेछ ।

१२. सबै भन्दा बढी रकम कबोल गर्ने दरभाउपत्रदाता संग कार्यालयले सम्झौता गर्दा ५ वर्षको लागि साकार गरेको ठेक्का रकम मध्ये प्रथम किस्ता वापत हुन् आउने रकम नगदै बुझाउनु पर्नेछ र बाँकी रकम बराबरको बैंक ग्यारेन्टी पेश गरेपछि मात्र पोखरी सम्झौता गरिनेछ तथा चलन पट्टा दिईनेछ अथवा सम्झौताको बखत धन जमानी सम्बन्धमा गाउँ कार्यपालिकाले निर्णय गरेमा सोहि निर्णय वमोजिम धन जमानी/बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१३. ठेकेदारले सम्झौता बमोजिम सम्पूर्ण किस्ता चुक्ता गरी सकेपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

१४.ठेक्का लिए वापत प्रचलित कानुन बमोजिम कुनै शुल्क, कर, दस्तुर इत्यादि तिर्नुपर्ने दायित्व ठेकेदारको रहेनछ ।

१५.ठेक्का स्वीकृत भई गाउँपालिकाले माग गरे बमोजिमको पहिलो किस्ता रकम दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ । ठेक्का सम्झौता गरेपछि कार्यालयबाट चलन पुर्जी लिई तोकिएको मितिबाट ठेक्का संचालन गर्न पाईनेछ ।

१६. ठेकेदारले ठेक्का चलन गर्दा प्रचलित कानुन अनुसार मात्र चलन गर्नु पर्नेछ । गाउँपालिका वा सार्वजनिक हित विपरित कुनै पनि कार्य गर्न गराउन पाउने छैन ।

१७. दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गरि सक्नु पर्नेछ र सम्झौता गरेको एक महिना भित्र पोखरी माछा पालनको विमा गराई सक्नु पर्नेछ । माछा पालनको क्रममा कुनै घटनाबाट कुनै किसिमको क्षति भएमा गाउँपालिकाबाट कुनै किसिमको क्षतिपूर्ति वा मिनाहा, छुट केहि पनि प्राप्त हुने छैन ।

१८. ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाउँपालिकाको निर्णय नै मान्य हुनेछ ।

१९. नेपाल सरकार, प्रदेश सरकार र छिपहरमाई गाउँपालिकाको कार्यालयबाट समय समयमा दिईने निर्देशनको पालना गर्नु ठेकेदारको कर्तब्य हुनेछ । सो पालनको कारणबाट सामान्य क्षति वा घाटा भएको भनी क्षतिपूर्ति वा मिनाहा, छुट केहि पनि प्राप्त हुने छैन ।

२०.यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**नोट : अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।**

**प्रमुख प्रशासकिय अधिकृत**